# डुडुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बनकट्टी, बाँके

५ नं. प्रदेश नेपाल

## नदीजन्य पदार्थ उत्खनन गरी बिक्रीवितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वानसम्बन्धी सूचना

**E-Bidding मा प्रथम पटक प्रकाशित मिति : २०७६/०४/१०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेतमा भएको व्यवस्था राप्ती नदी र डुडुवा खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ५ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, ५ नं. प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ तथा डुडुवा गाउँसभाको निर्णय, यस गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिस र गाउँ कार्यपालिकाको मिति २०७६/०३/०९ को निर्णयअनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम आ.व.०७६/०७७ का लागि नदीजन्य पर्दाथको उत्खनन तथा संकलन गर्ने कार्य बोलकबोल बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त व्यक्ति, फर्म तथा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | आ.ब. २०७६/०७७ को लागि निर्धारित बालुवा, मोरङ्ग आदि (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा बिक्री परिमाण (घनफिटमा) | आ.व.२०७६/०७७को लागि निर्धारित बालुवा, मोरङ्ग आदि (स्वीकृत खानी क्षेत्रबाहेक) प्राकृतिक स्रोत बिक्री शूल्क रु. प्रतिघनफिट | बालुवा, मोरङ्ग आदि (स्वीकृत खानी क्षेत्रबाहेक) प्राकृतिक स्रोत बिक्री शुल्कबापत हुने कुल न्यूनतम अंक (कर र भ्याटबाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| ठेक्का नं. ०१/ २०७६/०७७ | डुडुवा गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने राप्ती नदी र डुडुवा खोलाको गिट्टी, बालुवा र मोरङ्ग उत्खनन, संकलन तथा बिक्री वितरण | २३,८१,४०० (तेईस लाख एकासी हजार चार सय घनफिट) | रु. ६/- (छ रुपैयाँ) | १,४२,८८,४०० (एक करोड बयालीस लाख अठासी हजार चार सय रुपैयाँ मात्र) | ३०००/- (तीन हजार रुपैयाँ) | कबोल अंकको ५ (पाँच) प्रतिशत |

| क्र.स. | खोलाको नाम र ठेगाना (नाका) | संकलन गरिने परिमाण (घन फिटमा) | कैफियत |
|---|---|---|---|
| १ | डुडुवा खोला, डुडुवा गा.पा.-१ (खडैचा, पिपरहवा, गाउँ नजिक) | ३५२,८०० | |
| २ | राप्ती नदी, डुडुवा गा.पा.-२ (दासपुर्वा, रामनगर, गाउँ नजिक) | ५११,५६० | |
| ३ | राप्ती नदी, डुडुवा गा.पा.-३ (रमपुर्वा, कटैईहा गाउँ नजिक) | १,२३४,८०० | |
| ४ | राप्ती नदी, डुडुवा गा.पा.-४ सिधनियाघाट आसपास) | १७६,४०० | |
| ५ | राप्ती नदी, डुडुवा गा.पा.-५खजुरा गौडी गाउँनजिक) | १०५,८४० | |
| | जम्मा | २,३८१,४०० | |

**ठेक्कासम्बन्धी शर्तहरु :-**

१. यो सूचना प्रकाशित भएको मितिदेखि Website मा तोकिएको मिति र समयसम्ममा बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np बाट Download गरि प्राप्त गर्न सकिनेछ ।

२. PPMO को Website मा तोकिएको मिति तथा समयभित्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा अद्यावधिक रहेको व्यवसाय दर्ता प्रमाणपत्र, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७४/०७५ वा २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, बोलपत्र खरिदको प्रमाणित प्रतिलिपिहरु बोलपत्र खरिद दस्तुरबापत लाग्ने रकम यस कार्यालयको NIC Asia Bank Limited, नेपालगञ्जमा रहेको सञ्चित कोष खाता नं. २०४१४९८३८५५२४००२ मा जम्मा गरेको भौचर तथा बोलपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरु Scanning गरी तोकिएको ढाँचामा Upload गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।

३. ठेक्का अवधि आ.व. २०७६/०७७ को असोज १ देखि २०७६/०७७ को जेठ मसान्तसम्म रहनेछ । बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइनेछैन । प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाइनेछैन ।

४. माथि उल्लिखित ठेक्का कबोल अंकको थप मूल्यअभिवृद्धि कर १३ प्रतिशत राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेस गर्नुपर्नेछ ।

५. धरौटीबापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपालगञ्जस्थित एन.आई.सी.एसिया बैंक लि.मा रहेको धरौटी खाता नं. २०४१४९८३८५५२४००१ ग-३ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिडबण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेस गर्नुपर्नेछ । धरौटीबापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेस गरिसकेपछि प्रचलित कानुनबमोजिम फिर्ता गरिनेछ ।

६. प्रचलित कानुनबमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ प्रतिशतसम्म रकम छुट दिन सकिनेछ, तर नियमानुसार लाग्ने मूल्यअभिवृद्धि कर प्रयोजनको लागि भने छुट दिइनेछैन ।

७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रीत नपुगी आएको बोलपत्रउपर कुनै कारबाही हुनेछैन ।

९. ठेक्कामा कुनै विवाद भएमा डुडुवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्रसाथ संलग्न गरिएका आय ठेक्कासम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्तसरह लागू हुनेछ ।

१२. यस सूचना तथा बोलपत्रसाथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्याकंनमा समावेश गरिनेछैन ।

१३. रीतपूर्वक पेस भएका बोलपत्रमध्ये सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृतिको लागि छनोट हुनेछ ।

**ठेक्कासम्बन्धी अन्य शर्तहरु :-**

१. ठेक्का रकमको भुक्तानी गर्दा सम्झौता गर्न आउनु भनी पत्राचार भएको पत्रमा उल्लिखित मितिभित्र कबोल भएको अंकको एकमुष्ट रकम वा ५० प्रतिशतले हुन आउने रकम यस गाउँपालिकाले तोकेको खातामा जम्मा गनुपर्नेछ । बाँकी ५० प्रतिशत रकम आ.व.२०७६/०७७ को आषाढ मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तीय संस्थाबाट जारी भएको बैंक जमानत पेस गर्नुपर्नेछ । बाँकी रकम २०७६ चैत्र मसान्तभित्र अनिवार्य दाखिला गर्नुपर्नेछ । अन्यथा बैंक जमानत जफत हुनेछ ।

२. ठेक्का कबोल गर्ने ठेकेदारले डुडुवा गाउँपालिकाले तोकिएको राजस्व उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाएमा नियमानुसार कारबाही गरिनेछ ।

३. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरेको रकम बिक्री तथा निकासी आय खातामा मूल्य अभिवृद्धि करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखांकन गरी खाता र रसिद वार्षिक रुपमा डुडुवा गाउँपालिकामा बुझाउनुपर्नेछ ।

४. ठेकेदारले उठाउने शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्नेछ । साथै दर रेटसहितको साईनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

५. जमानीबापत बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. डुडुवा गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिका स्वयमका सवारीसाधनमार्फत वर्ष दिन भरी प्रयोग गरेको गिट्टी, बालुवा ग्राभेल आदि र विदेशी दातृनिकायसँग भएको कर छुटसम्बन्धी सम्झौता भई सञ्चालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउनेछैन ।

७. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्तविपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानि नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

८. गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको आई.ई.ई. प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाणमात्र उत्खनन गर्न पाइनेछ ।

९. ppmo मा पेस भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरको बीचमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि कार्यालयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

१०. बोलपत्र पेस गर्दा पेस गर्ने फर्म वा कम्पनीको व्यवसाय नवीकरण प्रमाणपत्र, स्थायी लेखा नं., मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेस गर्नुपर्नेछ ।

११. गिट्टी, बालुवा आदिको संकलन उयत्खनन तथा निकासीका सम्बन्धमा जिल्लास्तरीय अनुगमन समिति, डुडुवा गाउँपालिकास्तरीय अनुगमन समितिले दिइएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१२. गिट्टी, बालुवा आदि सामग्रीको कारोबार गर्दा बालश्रमको प्रयोग गर्न र वातावरणमा प्रतिकूल असर पार्ने प्रवृत्ति अपनाउन पाइनेछैन ।

१३. बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्राप्त गरी तोकिएको समयभित्र कार्यालयमा सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी कालोसूचीमा राखिनेछ ।

१४. बोलपत्रसम्बन्धी कुनै पनि कागजात कार्यालयबाट उपलब्ध हुनेछैन सबै कार्यहरु E–bidding को माध्यमबाट हुनेछ ।

१५. उपर्युक्तअनुसार उल्लेख भएका शर्तहरुको हकमा यसैअनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृतिपश्चात् गरिने सम्झौताअनुसार हुनेछ ।

१६. जानकारीको लागि यस कार्यालयको वेबसाइट **www.duduwamun.gov.np** मा समेत हेर्न सक्निेछ ।